भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर फागुन ११ गते, २०८१ साल, संख्या ११


**भाग १**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको संघसस्था नियमन तथा संचालन ऐन, २०८१

*स्वीकृत मिति -२०८१/११/१०*

*प्रमाणीकरण मिति -२०८१/११/११*

भद्रपुर नगरपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

## प्रस्तावना

भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र विभिन्न उद्देश्यले गठन भई क्रियाशिल रहेका संघसंस्थाहरुको नियमन गर्न वान्छनिय भएकाले ,

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ प्रयोग गरी भद्रपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "भद्रपुर नगरपालिकाको संघसस्था नियमन तथा संचालन ऐन, २०८१" रहेकोछ।

(२) यो ऐन नगरकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ ।

२. परिभाषा - बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "संघसंस्था" भन्नाले सामाजिक, धार्मिक साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारिरिक, अिर्थिक, व्यावसायिक, संचार, मनोरञ्जनात्मक, पर्यावरण, खेलकुद, परोपकारी विषयक्षेत्रसंग सम्बन्धित वा सीपमूलक कार्यहरुको विकास र विस्तार गर्ने उद्देश्यले स्थापना भएको सरकारी वा गैरसरकारी संघसंस्था वा क्लब, मण्डली, परिषद, समुह, समिति, अध्ययन केन्द्र आदिलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले भद्रपुर नगरपालिकाको संघसंस्था नियमन तथा सञ्चालन ऐन, २०८१ लाई सम्झनु पर्छ ।

(ग) "नगर प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) " नगर उपप्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रसासकिय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रसासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(च)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनमा वा नगर कार्यपालिका वा नगरसभाबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "नगरसभा" भन्नाले भद्रपुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले नगर कार्यपालिकाको कार्यालय समेतलाई जनाउँछ ।

(झ) "निर्देशक समिति" भन्नाले यस ऐनको दफा १६ बमोजिम गठित अनुगमन तथा निर्देशक समितिलाई सम्झनुपर्छ ।

(ञ) "नगर कार्यपालिका" भन्नाले भद्रपुर नगरपालिकाको नगरकार्यपालिकालाई जनाउँछ

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

परिच्छेद २

## संघसंस्था सम्बन्धी व्यवस्था

३. संघसंस्था स्थापना गर्न सकिने - (१) नगरपालिका क्षेत्रमा समान उद्देश्य राखी समाजको विकासमा सहयोग पुर्याउने संघसंस्था स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको संघसंस्थाले संस्था सञ्चालनका मुख्य विषय समेटी विधान तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गरिएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विधानमा देहायका कुराहरुको स्पष्ट व्यवस्था गरेको हुनुपर्नेछ ।

(क) संघसंस्था स्थापनाको उद्देश्य,

(ख) कम्तिमा तीन जना महिलासहित कम्तीमा नौ जना पदाधिकारी रहेको कार्य समिति,

(ग) प्रत्येक तीन बर्षमा कार्य समितिको निर्वाचन,

(घ) बर्षमा एक पटक साधारण सभा र विशेष साधारण सभा,

(ङ) संस्थाको आयश्रोत र खर्च गर्ने विधि,

(च) सदस्यता सम्बन्धी व्यवस्था,

(छ) लेखा परीक्षण ।

४. संस्था दर्ता नगरी सञ्चालन गर्न नहुने (१) यस ऐन बमोजिम दर्ता नगरी संघसंस्था सञ्चालन गर्न पाईने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुअघि खोलिएका संस्थाहरु यसै ऐन बमोजिम एक वर्षभित्र नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(३) यो ऐन बमोजिम दर्ता वा सुचीकृत नभएका संघसंस्थासंग नगरपालिकाले कुनै सहकार्य गर्ने छैन र कुनै कार्यक्रम सञ्चालन गर्ने छैन ।

५. संघसंस्था दर्ता गर्ने (१) संघसंस्था दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजात सहित अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) संघसंस्थाको बिधान ।

(ख) कार्य समितिका पदाधिकारीहरुको नाम, ठेगाना, पेशा र शैक्षिक योग्यताको विवरण।

(ग) कार्य समितिका पदाधिकारीहरुको नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) आर्थिक स्रोत ।

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(च) संस्थाका कार्य समितिका पदाधिकारीको योग्यता प्रमाणीतका लागि सम्बन्धित निकायहरुमा जाचबुझ गर्न सकिनेछ ।

(छ) अनुसूची ८ बमोजिमको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा जाँचबुझ गरी दर्ता गर्न मिल्ने देखिएमा प्रमुख प्रसासकिय अधिकृतले संस्था दर्ता गरी अनुसूची २ बमोजिमको प्रमाणपत्र दिनु पर्ने छ ।

६. संघसंस्था दर्ता नहुने (१) देहायको अवस्था देखिएमा संघसंस्था दर्ता गरिने छैन ।

(क) सुर्ति तथा मदिराजन्य सामाग्रीको प्रर्वद्धन गर्ने उद्देश्य राखी खोलिएका संघसंस्था,

(ख) कुनै जातजाति विशेष मात्र सदस्य रहने गरी खोलिएको संघसंस्था,

(ग) समाजमा पारस्परिक सद्भाव र एकतामा खलल पार्ने सम्भावना रहेको संघसंस्था

(घ) समाजमा नकारातमक प्रभाव पार्ने सम्भावना रहेको संघसंस्था

७. संघसंस्थाको दायित्व हुने - (१) नगरपालिका क्षेत्रभित्र यो ऐन प्रारम्भ हुनु अघि गठन भई सञ्चालनमा रहेका संघसंस्थाले एक वर्ष भित्र नगरपालिकामा संस्था दर्ता गर्नु पर्नेछ ।

(२) संघसंस्थाले वार्षिक कार्य योजना र आर्थिक वर्ष समाप्त भएपछि आफुले सम्पादन गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकामा दर्ता वा सुचीकृत नभएका संघसंस्थालाई नगरपालिकाले कुनै किसिमको सहयोग गर्न सक्ने छैन ।

(४) तोकिएको समयमा दर्ता वा सुचीकृत गर्नु वा नवीकरण गराउनु सम्बन्धित संघसंस्थाको कर्तव्य हुनेछ ।

(५) नगरपालिकामा दर्ता वा सुचीकृत भएका संघसंस्थालाई नगरपालिकाले आफ्नो नीति योजना र बजेटको परिधिभित्र रहि सहयोग गर्न सक्नेछ ।

(६) वडा कार्यालयहरुले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका संघसंस्थालाई नगरपालिकामा दर्ता वा सुचीकृत गर्न उत्प्रेरित गर्नु पर्नेछ ।

८. संघसंस्था नवीकरण सम्बन्धी व्यवस्था (१) यस ऐनको दफा ५ बमोजिम दर्ता भएका वा दफा १२ बमोजिम सुचीकृत भएका संघसंस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरपालिकामा संस्था नवीकरण गर्नु पर्नेछ ।

(२) संस्था दर्ता गर्न दर्ता शुल्क वापत रु. एक हजार लाग्नेछ । प्रत्येक वर्ष नवीकरण गर्दा नवीकरण शुल्क रु. पाँच सय लाग्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(३) संघसंस्थाले नवीकरण गर्नको लागि अनुसूची ३ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद भित्र नवीकरण नगर्ने संस्थाले अर्को तीन महिना भित्र नविकरण गर्न निवेदन दिएमा नगरपालिकाले नवीकरण शुल्कको दोब्बर दस्तुर लिई संस्था नवीकरण गर्न सक्नेछ ।

९. संघसंस्था संगठित संस्था मानिने ः-

(१) यस ऐन बमोजिम दर्ता भएको कुनै पनि संघसंस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । त्यस्तो संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्न गर्न, खरिद बिक्रि गर्न, उपभोग गर्न तथा हस्तान्तरण गर्न सक्नेछ ।

(२) संघसंस्थाले व्याक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(३) संघसंस्थाको छुट्टै छाप हुने छ ।

(४) प्रचलित कानुन अनुसार स्वीकृति लिएर मात्र संघसंस्थाको सम्पति बिक्री वा हस्तान्तरण गर्न सकिने छ ।

१०. संस्थाको सम्पति मानिने (१) देहाय बमोजिमको चल अचल सम्पत्ति संस्थाको सम्पत्ति मानिनेछ ।

(क) संस्थाले आफ्नो उद्देश्य कार्यन्वयन गर्दा प्राप्त गरेको रकम वा सम्पति,

(ख) सदस्यता शुल्क वापत प्राप्त भएको रकम

(ग) दानदातव्य, उपहार, चन्दा, सहयोग वा अनुदानबाट संस्थालाई प्राप्त चल अचल सम्पति

(घ) संघीय सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट संघसंस्थालाई प्राप्त चलअचल सम्पति

(ङ) अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग ।

तर, यस्तो सहयोग लिन नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(च) संघसंस्थालाई अन्य जुनसुकै स्रोतबाट प्राप्त भएको चलअचल सम्पति

११. संघसंस्थाको बैंक खाता संचालन बिधि ः

(१) संघसंस्थाले आर्थिक कारोबार सञ्चालन गर्न संस्थाको नाममा स्थानीय बैंकमा खाता खोल्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाताको संचालन संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम बैंक खाता खोल्न र बन्द गर्नु परेमा नगरपालिकाको सिफारिस अनिवार्य हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(४) संघसंस्थाका पदाधिकारी, सदस्य, कर्मचारी वा कुनै व्यक्तिले संघसंस्थाको सम्पति हिनामिना गर्न पाउने छैन ।

(५) संघसंस्थाको सम्पत्ति कुनै कार्यमा खर्च गर्नु पर्ने भएमा कार्य समितिले निर्णय गरे अनुरुप खर्च गर्न सकिनेछ ।

(६) यस ऐन विपरित हुने गरी कसैले कुनै अनुचित कार्य गरेको पाईएमा समितिले आवश्यक कार्वाही गर्न सक्नेछ ।

१२. नगरपालिकामा सुचीकृत गर्नु पर्ने (१) नगरपालिका बाहेक अन्य कुनै निकायमा दर्ता गरी नगरपालिका क्षेत्रमा संचालनमा रहेका संघसंस्थाहरु यो ऐन लागु भएको एक वर्षभित्र नगरपालिकामा सुचीकृत हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा सूचीकृत भएका संस्थाहरुको उद्देश्य र कामको प्रकृतिका आधारमा तोकिए बमोजिम वर्गिकरण गरिनेछ ।

(३) नगरपालिका बाहेक अन्यत्र सञ्चालनमा रहेका संघसंस्थाहरुले नगरपालिका क्षेत्रमा कुनै कार्यक्रम सञ्चालन गर्न चाहेमा नगरपालिकामा संस्था सुचीकृत गरी अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम सुचीकृत हुन संघसंस्थाले अनुसुची ४ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी सुचीकृत गर्न उपयुक्त देखेमा संस्था दर्ता शुल्क बराबरको दस्तुर लिई अनुसुची ५ बमोजिमको सुचीकृत प्रमाणपत्र प्रदान गर्नेछ ।

(६) उपदफा (३) बमोजिम सुचीकृत भएका संघसंस्थाले नगरपालिका क्षेत्रमा कुनै कार्यक्रम गर्न चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएका कागजात संलग्न राखी अनसूची- ६ बमोजिमको ढाँचामा अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम प्राप्त भएको निवेदन उपर नगरपालिकाले छानविन गरी कार्यक्रम गर्ने अनुमति दिन सक्नेछ ।

(८) वडामा क्रियाशिल संघसंस्थाहरुलाई यस ऐन बमोजिम दर्ता गर्ने गराउने कार्यमा सम्बन्धित वडा कार्यालयबाट सहयोग, सहजीकरण र आवश्यकता अनुसार सिफारिस समेत गरी दिनुपर्नेछ ।

(९) यस दफा बमोजिम सुचीकृत नभएका वा अनुमति नलिएका संघसंस्थाले नगरपालिका क्षेत्रमा कुनै कार्यक्रम सञ्चालन गरेको पाईएमा त्यस्तो कार्यमा नगरपालिकाले रोक लगाउन सक्नेछ ।

(१०) दर्ता वा सुचीकृत नभएका संघसंस्थालाई नगरपालिकाबाट कुनै किसिमको सहयोग प्राप्त हुन सक्ने छैन ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

१३. संघसंस्थाको उद्देश्यमा हेरफेर गर्न सक्ने - (१) एउटा उद्देश्य राखी दर्ता भएको संघसंस्थाले आफ्नो उद्देश्य परिवर्तन गर्न वा विस्तार गर्न चाहेमा कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको समर्थन प्राप्त गरी उद्देश्य परिवर्तन वा बिस्तार गर्न सक्नेछ ।

१४. संघसंस्थाको हिसाबकिताब पारदर्शी हुनु पर्ने -

(१) संघसंस्थाको आम्दानी खर्च तथा आर्थिक कारोबारको हिसाबकिताब दुरुस्त अभिलेख राख्ने दायित्व कोषध्यक्षको र प्रशासनिक तथा अन्य कामको अभिलेख राख्ने दायित्व सचिवको हुनेछ ।

(२) संघसंस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आम्दानी खर्चको ईजाजत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई नगरपालिकामा सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) संघसंस्थाको चलअचल सम्पत्ति हिनामिना भएको, लापर्वाही भएको र सन्तोषजनक नभएको भनी कसैले लिखित उजुरी दिएमा निर्देशक समितिले कर्मचारी खटाई आवश्यक जाँचबुझ गराउन वा लेखापरीक्षण गराउँन आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम परेको उजुरीका सम्बन्धमा निर्देशक समितिको निर्णय, निर्देशन वा आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(५) उपदफा (२) बमोजिम परेको उजुरीउपर जाँचबुझ गर्दा निर्देशक समितिले उपयुक्त ठहराएमा तोकिएको जरिवाना गर्न, संस्था दर्ता खारेज गर्न वा खारेजीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद ४
## संघसंस्थाको अनुगमन तथा मुल्यांकन

१५. वडास्तरीय अनुगमन समिति -(१) यस ऐन बमोजिम दर्ता वा सुचीकृत भएका नगरपालिकाका वडाहरुमा क्रियाशिल रहेका संघसंस्थाहरको अनुगमन गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय अनुगमन तथा निर्देशक समिति रहनेछ ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष – संयोजक

(ख) एक जना महिला सहित वडा सदस्यमध्येबाट दुई जना – सदस्य

(ग) वडामा क्रियाशिल संघसंस्था वा समुहको प्रतिनिधिमध्ये वडा समितिले मनोनित गरेको एक जना प्रतिनिधि – सदस्य

घ) सम्बन्धित वडा सचिब – सदस्य सचिब

(२) वडास्तरीय अनुगमन तथा निर्देशक समितिले संघसंस्था दर्ता वा सुचीकृत भए नभएको वा अनुमती लिए नलिएको लगायत संस्थाले सञ्चालन गरेका कार्यक्रमको औचित्य, प्रगति र प्रभावकारिता समेतको अनुगमन गर्नेछ

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

१६. नगरस्तरीय अनुगमन तथा निर्देशक समिति(१) नगर क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुको अनुगमन तथा मुल्यांकन गर्नको लागि देहाय बमोजिमको नगरस्तरीय अनुगमन तथा निर्देशक समिति रहनेछ ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रसासकिय अधिकृत - सदस्य

(ग) कार्यपालिका सदस्यहरुमध्येबाट कार्यपालिकाले छनौट गरेका दुई जना- सदस्य

(घ) संघसंस्थाको प्रतिनिधिमध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको प्रतिनिधि दुई जना - सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

(२) निर्देशक समितिले नगरपालिकाको पदाधिकारी वा कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको बैठक आवाश्यकता अनुसार बस्नु पर्नेछ ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी ऐन समिति आफैले तय गरे बमोजिम हुनेछ ।

१७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार

(१) निर्देशक समितिले समय समयमा संघसंस्थाको अनुगमन गरी आवश्यक राय सुझाव र निर्देशन दिनसक्नेछ ।

(२) निर्देशक समितिले नगरमा क्रियाशिल संघसंस्थाहरुको कार्यशैली, समुदायस्तरमा पारेको प्रभाव, गुणस्तर र परिणाम समेतको आधारमा मुल्यांकन गरी सफल र उत्कृष्ट देखिएको संस्थालाई पुरष्कृत गर्न नगर कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

(३) निर्देशक समितिले गरेका कार्यहरुको प्रतिवेदन तयार गरी नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) निर्देशक समितिले संघसंस्था सम्बन्धी नगरपालिकाको नीति र कार्यक्रम तर्जुमा गर्न राय सुझाव दिन तथा त्यस्ता कार्यहरुका बारेमा नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन गर्न सक्नेछ ।

(५) निर्देशक समितिले नगर प्रमुखबाट प्राप्त राय सुझाव तथा निर्देशनको पालना गर्नु पर्नेछ ।

## परिच्छेद ५
## विविध

१८. संघसंस्था एकअर्कामा गाभिन सक्ने (१) यस ऐन बमोजिम दर्ता भएका दुई वा सोभन्दा बढी संघसंस्थाहरु गाभिई एउटै संस्थामा आवद्ध हुन चाहेमा गाभिन चाहने सबै संघसंस्थाले आ आफ्नो साधारण सभा बोलाई सम्बन्धित संघसंस्थाको सम्पुर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको समर्थन प्राप्त भएमा एक अर्कामा गाभिन वा एकिकृत हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संघसंस्था गाभिएमा वा एकिकृत भएमा पैतिस दिनभित्र सोको जानकारी नगरपालिकामा दिनु पर्नेछ ।

(१९). संघसंस्था विघटन सम्बन्धी व्यवस्था - (१) देहायका अवस्थामा संघसंस्था विघटन भएको मानिनेछ ।

(क) संघसंस्थाका एकहत्तर प्रतिशत सदस्यहरुले संस्था विघटन गर्ने लिखित निर्णय गरेमा ।

(ख) संघसंस्था टाट पल्टिएमा । सस्थाको उदेश्य अनुरुपको लक्ष्य प्राप्त गरी सकिएमा ।

(ग) संस्थाको उद्देश्य अनुरुपको लक्ष्य प्राप्त गरी सकिएमा ।

(घ) लगातार तीन वर्षसम्म नवीकरण नगरिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै कारणले संस्था विघटन भएमा उक्त संस्थाको स्वामित्वमा रहेको सम्पुर्ण चल अचल सम्पति भद्रपुर नगरपालिकाको जिम्मामा रहने छ ।

(३) उपदफा (२) बमोजिम प्राप्त चलअचल सम्पति निर्देशक समितिले उपयुक्त ठहराएमा अर्को कुनै संघसंस्थालाई प्रयोग गर्न दिन, हस्तान्तरण गर्न वा नगरपालिका आफैले प्रयोग गर्ने गरी नगर कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

**२०. संशोधन, खारेजी र बचाउ** (१) भद्रपुर नगर पालिकाको संघसंस्था नियमन तथा संचालन कार्यविधि २०७७ खारेज गरिएको छ ।

(२) भद्रपुर नगरपालिकाको संघसंस्था नियमन तथा संचालन कार्यविधि २०७७ बमोजिम भए गरिएका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**२१. नियमावली कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** - (१) यो ऐन कार्यन्वयन गर्नका लागि आवश्यक पर्ने नियमावली ,कार्यविधि, निर्देशिका, मापदण्ड आदी बनाई लागु गर्ने अधिकार भद्रपुर नगरकार्यपालिकामा निहित हुनेछ ।

२२.बाधा अड्काउ फुकाउने अधिकार - (१) यो ऐन कार्यन्वयनको सिलसिलामा कुनै बाधा अड्काउ वा द्विविधा भएमा नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।

२३. अमान्य हुने (१) यस ऐनमा भएको कुनै प्रावधान प्रचलित संघिय तथा प्रदेश कानूनसँग बाझिएको पाइएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२४. काम कार्वाही सञ्चालन हुने (१) संस्था दर्ता, सुचीकृत, नवीकरण र संघसंस्था सम्बन्धी अन्य कार्यहरु नगरपालिकाको सामाजिक विकास शाखाबाट सञ्चालन हुनेछ ।

(२) वडा कार्यालयमा संघसंस्था सम्बन्धी कार्यको जिम्मेवारी सम्बन्धित वडा सचिवको हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-१

९दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

संस्था दर्ता गर्न दिने निवेदनको ढाँचा

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भद्रपुर, झापा ।

विषयः संस्था दर्ता गरी पाउँ ।

उपर्युक्त सम्बन्धमा भद्रपुर नगरपालिका वडा नं. ..........मा .............................. उद्देश्यका साथ गठन भएको ....................................... नामक संस्था नगरपालिकामा दर्ता गर्नका लागि तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छौं । संस्था सञ्चालन सम्बन्धी नगरपालिकाले जारी गरेका नीतिनियम तथा ऐनको पालना गर्न हामी मञ्जुर छौं नियमानुसार उक्त संस्था दर्ता गरी दिन हुन अनुरोध गर्दछौं ।

निवेदक

संस्थाको नाम ..............................
अध्यक्षको नाम...................................
हस्ताक्षर .......................................

संलग्न कागजातहरु

९क) संस्था गठन गर्ने सम्बन्धी सभाको निर्णय,
९ख) संस्था दर्ता गर्ने कार्य समितिको निर्णय
९ग) संस्थाको विधान,
९घ) राजश्व दाखिलाको प्रमाण,
९ङ.) सम्बन्धित वडा कार्यालयको सिफारिस
९च) कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
९छ) पदाधिकारीहरुको व्यक्तिगत विवरण फोटो सहित
९ज) स्वघोषणापत्र (अनुसूची ८ बमोजिम)

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

संस्था दर्ताको प्रमाणपत्रको ढाँचा

संस्था दर्ता नं. ः

दर्ता मिति ः-

संस्थाको नाम श्री ..................................

संस्थाको ठेगाना ः- भद्रपुर नगरपालिका वडा नंः .............झापा

विषयः - संस्था दर्ता प्रमाणपत्र

मिति २०..../..../.... को माग निवेदन अनुसार भद्रपुर नगरपालिकाको संघसंस्था नियमन तथा सञ्चालन ऐन, २०७७ को दफा ५ को उपदफा (२) बमोजिम भद्रपुर नगरपालिका वडा नं. मा स्थापना भएको उक्त संस्था यस नगरपालिकामा दर्ता गरी यो संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिने अधिकारीको

दस्तखत ः

नाम थर

पद ः

संस्था नवीकरण सम्बन्धी विवरण (प्रमाणपत्रको पछाडिको भागमा राख्ने)

क्र.स.नविकरणको मितिर.नं. नवीकरण शुल्क नवीकरण भएको अवधि दस्तखत

...गेश पोखरेल

अनुसूची-३

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

संघसंस्था नवीकरण गर्न पेश गर्ने निवेदनको ढाँचा

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भद्रपुर, झापा ।

**विषय - संस्था नविकरण गरी पाऊँ ।**

प्रस्तुत विषयमा भद्रपुर न.पा. वडा नं.........................मा सञ्चालनमा रहेको, .........................संस्था यस नगरपालिकामा दर्ता/सुचीकृत भई क्रियाशिल रहेकोमा हाल म्याद समाप्त भई नवीकरण गर्नु पर्ने भएकोले उक्त संस्था नियामानुसार नवीकरण गरिदिन हुन देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछौं ।

निवेदक
हस्ताक्षर ....................................
अध्यक्षको नाम..............................
संस्थाको नाम ..............................
मिति ..........................................
संस्थाको छाप

संलग्न कागजातहरु
९क) लेखापरिक्षण प्रतिबेदन,
९ख) नवीकरण गर्ने सम्बन्धी संस्थाको निर्णय
९ग) नवीकरण दस्तुर बुझाएको रसिद,
९घ) कर चुक्ताको प्रमाणपत्र

अनुसूची-४

९दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

आशा पोखरेल

संघसंस्था सुचीकृत हुन पेश गर्ने निवेदनको ढाँचा

मिति

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भद्रपुर, झापा ।

विषय - संस्था सुचीकृत गरी पाउँ ।

प्रस्तुत विषयमा भद्रपुर न.पा. वडा नं .......... मा सञ्चालनमा रहेको ........................संस्था यस नगरपालिकामा सुचीकृत गर्नु पर्ने भएकोले नियामानुसार सुचीकृत गरिदिन हुन देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछौं ।

निवेदक
हस्ताक्षर ..................................... आधिकारिक व्यक्तिको नाम..................................
संस्थाको नाम .................................
मिति ...........................................
संस्थाको छाप

संलग्न कागजातहरु
१क) संस्था दर्ताको प्रमाणपत्र,
१ख) सम्बन्धित वडा कार्यालयको सिफारिस
१ग) सुचीकृत गर्न दस्तुर बुझाएको रसिद,
१घ) कर चुक्ताको प्रमाणपत्र

अनुसूची-५

९दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

संघसंस्था सुचीकृत भएको प्रमाणपत्रको ढाँचा

मितिः-

संस्था सुचीकृत संख्या -

संस्थाको नाम श्री ..................................

संस्थाको ठेगाना -भद्रपुर नगरपालिका वडा नं.............झापा

**विषयः -संस्था सुचीकृत भएको प्रमाणपत्र**

मिति ................मा यस कार्यालयमा पेश भएको निवेदन अनुसार जिल्ला .......... गा.पा. /न.पा ..................... वडा नं............ मा मुख्य कार्यालय रहेको ............................. संस्था भद्रपुर नगरपालिकाको संघसंस्था नियमन तथा सञ्चालन ऐन, २०७७ बमोजिम यस कार्यालयमा सुचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

संस्था सुचीकृत गर्ने अधिकारीको

दस्तखत -

नाम थर -

पद-

नवीकरण सम्बन्धी विवरण पछाडीको भागमा राख्ने)

क्र.स.नविकरणको मिति र.नं. नवीकरण शुल्क नवीकरण भएको अवधि दस्तखत

गणेश पोखरेल

अनुसूची-६

९दफा १२ को उपदफा (६) सँग सम्बन्धित)

अनुमतिको लागि संघसंस्थाले दिने निवेदनको ढाँचा

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा ।

**विषय ः कार्यक्रम सञ्चालनको लागि अनुमती पाउँ ।**

यस संस्थाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार भद्रपुर नगरपालिका वडा नं.................मा .................................. कार्यक्रम सञ्चालन गरिने भएको हुँदा सोको लागि नगरपालिकाको अनुमती दिन हुन यस संस्थाको देहायको विवरण सहित निवेदन पेश गर्दछु ।

संस्थाको नाम, ठेगाना ..........................

कार्यक्रमको नाम.....................................

कार्यक्रम सञ्चालन गर्ने वडा / क्षेत्र

संस्थाको प्रतिनिधिको नाम थर ........................

पद ः............................................

सम्पर्क नं. ............................................

इमेल ः ..................................................

कार्यक्रम संचालन अवधी ..............................

लाभग्राहीको विवरण

लक्षित वर्ग

अनुमानित लाभान्वित संख्या

कार्यक्रमको लागत विवरण

खर्चको स्रोत बजेट रु.

निवेदक

गणेश

अनुसुची-७

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित

संस्थाको नमुना विधान

श्री ........................................................... को

विधान (२०.......)

**प्रस्तावनाः-**

संस्थाले आफ्नो संस्थाको बारेमा छोटकरी र स्पष्ट रुपमा प्रस्तावना उल्लेख गर्ने र अन्तिममा *"यो विधान भद्रपुर नगरपालिकाको संघ संस्था नियमन तथा सञ्चालन कार्यविधि २०७७ को अधिनमा रहि तर्जुमा गरिएको छ"* ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संस्थाको नामः- यस संस्थाको नाम "........................................................." रहनेछ । अंग्रेजीमा "..................................................................." रहनेछ । छोटकरीमा नेपाली "........................" र अंग्रेजीमा "................" रहनेछ ।

क. संस्थाको कार्यालय रहने स्थानः- यस संस्थाको केन्द्रिय कार्यालय .......................... जिल्ला भद्रपुर नगरपालि वडा नं. ........ मा रहनेछ ।

ख. यस संस्थाको कार्यक्षेत्रः- यस..................................................................कार्यक्षेत्र .................................. जिल्ला भद्रपुर नगरपालिका हुनेछ ।

ग. *प्रारम्भः- यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।*

घ. संस्थाको अस्तित्वः- यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. परिभाषाः-

क. "विधान" भन्नाले .................................... को विधानलाई सम्झनु पर्दछ ।

ख. "संस्था" भन्नाले ........................................... लाई जनाउँदछ ।

ग. "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

गणेश पोखरेल
प्रमुख

घ. "सभा" भन्नाले यस विधान बमोजिम बर्सेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ. "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

च. "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

छ. स्थानीय अधिकारी भन्नाले भद्रपुर नगरपालिकाको प्रमखु प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृत लाई जनाउदछ ।

ज. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ. "स्थानीय तह" भन्नाले भद्रपुर नगरपालिकालाई जनाउनेछ ।

ञ . "सदस्य" भन्नाले संस्थाको कुनैपनि सदस्यता साधारण), संस्थागत, आजिवन एवम कार्य सिमितिको पदाधिकारी समेत ( वा संघ संस्थालाइ जनाउनेछ ।

टभन्न "स्थानीय सरकार" .ाले भद्रपुर नगर कार्यपालिकालाइ बुझाउनेछ ।

ठ (आवश्यकता अनुसार थप गर्न सकिने)

३. संस्थाको छाप र चिन्हः- प्रचलित व्यवस्थाको प्रतिकूल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद-२

## उद्देश्य

४. संस्थाको कार्यक्षेत्र र उद्देश्यः- संस्थाको कार्यक्षेत्र भद्रपुर नगरपालिका भरी हुनेछ र उद्देश्य देहाय बमोजिम रहनेछ ।

क. *यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।*

ख.

ग.

घ.

ङ.

च.

छ.

गणेश पोखरेल

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:- यस संस्थाले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ:-

क. संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

घ. संस्थाले नगरक्षेत्र भित्र कार्य गर्दा भद्रपुर नगरपालिकाको अनुमति लिएर काम गर्नेछ ।

## परिच्छेद-३
## सदस्यता

६. सदस्यहरुको वर्गीकरण- यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ:-

क. साधारण सदस्य:- यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्य:- यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

ग. आजीवन सदस्य:- संस्थाको विकासको लागि विशेष सहयोग दान पुर्‍याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिने छ ।

घ. मानार्थ सदस्य:- उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:- यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क. नेपाली नागरिक भएको ।

ख. १८ वर्ष उमेर पुरा गरेको ।

ग. मानसिक सन्तुलन नगुमाएको ।

गणेश पोखरेल
नगर प्रमुख
नगरपालिका

घ. सार्वजनिक सम्पत्ती हिनाविना गरेको नठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

च. भद्रपुर नगरपालिका भित्र स्थायि बसोबास भएको ।

८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्थाः- देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन सक्ने छैन ।

क. गैह्र नेपाली नागरिक ।

ख. १८ वर्ष उमेर पूरा नभएको ।

ग. मानसिक सन्तुलन गुमाएको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

च. सम्बन्धित संस्थाको व्यवस्थापनमा नीजि स्वार्थ भएको ।

छ. साहुको दामासाहीमा परेको ।

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्ष ननाघेको ।

झ. भद्रपुर नगरपालिका भित्र स्थायि बसोबास नभएको ।

(. सदस्यताको समाप्तिः-

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

क. यस विधानको दफा ७ बमोजिमको सदस्यता प्राप्त गर्न नसक्ने भएमा ।

ख. साधारण सभाको ७५% को सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ. संस्थाको काम कारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च. सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ. संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्तिका सम्बन्धमा संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइने छ ।

गणेश पोखरेल
नगर प्रमुख

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि:- यस विधानको दफा ६ बमोजिम देहाय बमोजिमको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्यः-

क. साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. .......... र वार्षिक शुल्क वापत रु. ............. बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

ख. त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रु. ............ बुझाउनु पर्नेछ ।

ग. साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आर्थिक वर्षको श्रावण मसान्त भित्र रु. ............. दस्तुर बुझाई नवीकरण गराई सक्नु पर्नेछ ।

२. संस्थापक सदस्यः-

क. यो संस्था दर्ता हुदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्

ख. संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्यता वा आजीवन सदस्यता प्राप्त गर्न सक्ने छन् ।

३. आजीवन सदस्यः- संस्थामा एकमुष्ट रु. .......... बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४. मानार्थ सदस्यः- साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिक तथा विदेशी महानुभावहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## परिच्छेद [illegible]

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

११. साधारण सभाको गठनः-

१. यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु भएको एक साधारण सभा गठन हुनेछ । र यस्मा मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क. बार्षिक साधारण सभाः- *वर्षको एक पटक बार्षिक साधारण सभा बस्नेछ ।*

ख. विशेष साधारण सभाः- संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण खुलाई विशेष साधारण सभाले माग गरेमा, कार्य समितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा विशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न भने सक्ने छैन ।

३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिको बार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभाको बैठक बोलाइने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः- साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

ख. लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्यौंट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग. आगामि बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ. संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ. संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च. कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. मानार्थ सदस्यता प्रदान गर्ने ।

ज. कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम-कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ. संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

ञ.यस विधानमा उल्लेखित उदेश्य अनुसारको अन्य कार्य गर्ने ।

१३. कार्य समितिको गठनः-

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु कम्तिमा ३ जना महिला सहित रहने गरी कम्तिमा ( सदस्यीय एक कार्य समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | १ |
| उपाध्यक्ष | - | १ |
| सचिव | - | १ |
| सहसचिव | - | १ |
| कोषाध्यक्ष | - | १ |
| सदस्य | - | ४ (कम्तिमा) |

२. कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो

गणेश पोखरेल
नगर प्रमुख

सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

(. संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

११. कार्य समितिको बैठक सामान्यतया ...... महिनामा एक पटक बस्नेछ ।

१४. कार्य समितिको काम, कर्तव्य र अधिकार:- कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. *संस्थाको आगामि वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।*

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

गणेश पोखरेल
नगर प्रमुख

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने ।

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. पद त्याग गर्न सक्नेः- अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. अन्य समितिहरुः

१. यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समिति गठन गर्न सक्ने छ तर सो साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः- कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकारः-

क. समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख. निर्णायक मत दिने ।

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ. संस्थाको नेतृत्व दिने ।

ङ. आवश्यकता अनुसार बैठक बोलाउन महासचिवलाई निर्देशन दिने ।

च. अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

गणेश पोखरेल

छ. अभिलेख प्रमाणित गर्ने ।

भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर झापा कोशी प्रदेश, नेपाल

२. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः-
क. अध्यक्षलाई सहयोग गर्ने ।
ख. अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग. अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।
घ. ......................अवश्यकता अनुसार थप गर्न सकिने

३. सचिवको काम, कर्तव्य र अधिकारः-
क. संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।
ख. अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
ग. अभिलेख सुरक्षित राख्ने ।
घ. अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।
ङ. ......................अवश्यकता अनुसार थप गर्न सकिने

४. सह- सचिवको काम, कर्तव्य र अधिकारः-
क. सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरु गर्ने
ख. अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।
ग. ......................अवश्यकता अनुसार थप गर्न सकिने

५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः-
क. संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।
ख. साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
ग. लेखा दुरुस्त राख्ने ।
घ. नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने ।
ङ. ......................अवश्यकता अनुसार थप गर्न सकिने

६. सदस्यहरुको काम, कर्तव्य र अधिकारः-
क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।
ग. संस्थाको उदेश्य पूर्तिकालागि सहयोग र पहल गर्ने ।
घ. ......................अवश्यकता अनुसार थप गर्न सकिने

१८. गण पूरक संख्याः-

गणेश पोखरेल
नगर प्रमुख
नगरपालिका

१. *कुल सदस्य संख्याको ६७% (सड्सठी प्रतिशत) साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।*

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था

१(. संस्थाको कोषः-

१.संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्ः-

क. सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख. कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग. संस्थाको चल/अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ।

घ. विदेशी संस्था व्यक्ति वा अन्तरराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ङ. स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

च. संस्थाद्धारा सञ्चालित कार्यक्रमहरुबाट उठेको आर्थिक सहयोग बापतको रकम ।

२. विदेशी संघसंस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट पुर्व स्वीकृति लिनु पर्नेछ र उक्त कार्यको नगरपालिकामा जानकारी गराउनु पर्नेछ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

४. संस्थाको अचल सम्पत्ति विक्री गर्दा स्थानिय अधिकारीको पूर्व स्वीकृति लिइने छ ।

२०. खाता सञ्चालनः- संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

२१. कोषको रकम खर्च गर्ने तरिकाः- संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ

घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

गणेश पोखरेल
नगर प्रमुख

२२. संस्थाको लेखा र लेखा परीक्षणः-

क. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

ख. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिर्ड लेखा परीक्षकबाट हुनेछ ।

ग. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारिहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

घ. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरण १/१ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था-

क. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढिमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

ख. निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ

ग. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. उम्मेदवार हुने योग्यताः- कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क. संस्थाको सदस्यता बहाल रहेको ।

ख. १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।

ग. प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

घ. संस्थाप्रतिको इमान्दार र संस्थाको हितमा निरन्तर लागि रहेको हुनु पर्नेछ ।

ङ. तर अर्को निर्वाचन नभएसम्मको लागि यो संस्था दर्ता गर्न गठन भएको तदर्थ कार्य समितिलाई माथिको उपदफा क र ख लागु हुने छैन ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

२५. अविश्वाशको प्रस्तावः-

१. अविश्वाशको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख. प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्छ ।

ग. साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः-

क. साधारण सभा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कार्य सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णयः-

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख. साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. विधान संशोधनः- कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ र स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. नियम बनाउन सक्नेः-

क. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

ख. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्थाः-

क. संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन एवं कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्मा समेत जनकारी गराइने छ ।

२(. संस्था खारेजीः -

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

गणेश पोखरेल

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणवश संस्था विघटनभई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्थानिय सरकारको हुनेछ ।

३०. व्याख्याः- यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई
हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुनेः- यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुको बैठक वा सधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

३२. ऐन अनुसार हुनेः- यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, निमय र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

३३. निर्देशनको पालनाः- नेपाल सरकार, स्थानिय सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. तदर्थ समितिः-

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

३५. हामी तपसिलका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौ ।

| संस्थापकको नाम, थर र ठेगाना | | | | साक्षीको नाम, थर, वतन र सहिछाप | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम/थर | ठेगाना | दस्तखत | नाम/थर | ठेगाना | दस्तखत |
| १ | | | | | | |
| २ | | | | | | |

गणेश पोखरेल
प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | | | | |
| ४ | | | | | | |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-१

संस्थाको छाप र चिन्हको विवरण

संस्थाको छाप र चिन्हको विवरण आकार, प्रकार, एवं अन्य विवरणहरुको सम्बन्धमा उल्लेख गर्ने ।

फोटो टाँस गरी निवेदकले फोटोमा पर्ने गरी हस्ताक्षर गर्ने ।

**व्यक्तिगत विवरण**

नाम थरः- ..............................................................................................

१. जन्मस्थानः- ..............................................................................................

२. बाबुको नामः- ..............................................................................................

३. आमाको नामः- ..............................................................................................

४. बाजेको नामः- ..............................................................................................

५. हालको स्थायी ठेगानाः- भद्रपुर नगरपालिका वडा न. .......

६. पेशा/व्यवसायः-...............................................................

७. अन्य जिल्लाबाट नागरिकता लिएको भएः-

क. जिल्लाः-...........................................................

ख. नागरिकता नं.......................................................

ग. नागरिकता लिएको मितिः-...........................................

घ. बसाइसराइको प्रमाण पत्र

निवेदकको हस्ताक्षर

गणेश पोखरेल
नगर प्रमुख

अनुसूची -८

(दफा ५ को उपदफा (१) "छ" सँग सम्बन्धित)

## स्वघोषणा पत्रको ढाँचा

मिति - २०  ।  ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
भद्रपुर नगरपालिका भद्रपुर झापा ।

**विषय - स्वघोषणा सम्बन्धमा ।**

प्रस्तुत विषयमा भद्रपुर नगरपालिका वडा नं........स्थित श्री ..........................................नामक संस्था .................................................... उद्देश्य राखि निस्वार्थ रुपमा सामाजिक भावनाले स्थापना गरिएको गैह्र नाफामूलक संस्था हो । यस संस्थामा आबद्ध भएका पदाधिकारी तथा सदस्यहरुको तपसिल अनुसारका योग्यता पुगेको स्वघोषणा गर्दछौं ।

तपसिल

क. नेपाली नागरीक,
ख. १८ वर्ष उमेर पुरा गरेको,
ग. मानसिक सन्तुलन नगुमाएको,
घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,
ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय नपाएको,
च. भद्रपुर नगरपालिकाभित्र स्थायी ठेगाना भएको ।

माथि उल्लेखित विवरण ठिक साँचो हो । झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला भनि हामी संस्थाका निम्न पदाधिकारीहरुले सहिछाप गरिदियौं ।

| क.स | नाम थर | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेश गर्नेको दस्तखत

नाम थर

पद -अध्यक्ष

गणेश पोखरेल
नगर प्रमुख
नगरपालिका

अनुसूची -९
(दफा ५ को उपदफा (१) "ङ" सँग सम्बन्धित)
वडा कार्यालयले दिने संस्था दर्ता सिफारिस पत्रको ढाँचा

मिति- २० । ।

श्री भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा ।
विषय :: सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषयमा भद्रपुर नगरपालिका वडानं. ....स्थित ..........................................नामक संस्थाबाट यस कार्यालयमा मिति ..................गते संस्था दर्ताका लागि सिफारिस मागभई आएकोमा उक्त संस्था यस वडामा मिति..................स्थापना भई .....................................उद्देश्य राखि निस्वार्थ रुपमा सामाजिक भावनाले स्थापना गरिएको गैह्र नाफामूलक संस्था भएकाले ताँहा कार्यालयको नियमानुसार दर्ता गर्नका लागि सिफारिस साथ अनुरोध छ ।

सिफारिस गर्नेको दस्तखत
(नाम, थर)
पद

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची -१०

वडा कार्यालयले राख्ने संस्थाको अभिलेख पुस्तिकाको ढाँचा

संस्था दर्ता किताब

संस्थाको नाम ः

संस्थाको ठेगाना ः

दर्ता आदेश र निर्णय मिति

दर्ता मिति -

| संस्थाको उदेश्य | कार्य समितिको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | क्र. स. | पदाधिकारीको नाम थर | पद | नागरिकता नं. | ठेगाना | |
| | | | | | | |

प्रमाणीत गर्ने

दस्तखत :

नाम थर

पद-

आज्ञाले

सुनिल निरौला

प्रमुख प्रशासकीय अधिकृत